# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

**साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खन्न, संकलन र विक्रीबाट प्राप्त हुने शुल्क ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८३/०५/३० गते)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (घ) (६) बमोजिम सुन्दरहरैंचा नगरपालिका नगरकार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्र वाहेकका नदी तथा खोलाहरुबाट स्वीकृत आईईमा तोकिएको क्षेत्र र नाकावाट ढुंगा,गिटि,ग्रावेल, वालुवा र भरौट उत्खनन संकलन तथा बिक्री शुल्क असुली गर्न तपशिल बमोजिमको खोलावाट तोकिएको परिमाणमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपशिल बमोजिमको शर्तको अधिनमा रहि वोलपत्र पेश गर्नुहुन सम्वन्धित सवैका लागि यो सार्वजनिक सुचना प्रकासित गरिएको छ ।

**तपशिलः**

ठेक्काको नामः नदीजन्य पदार्थ उत्खनन्,संकलन तथा विक्रि शुल्क अशुली ठेक्का ।

वुढी खोलाका विभिन्न नाकाहरुबाट उत्खनन् गर्न सकिने नदीजन्य पदार्थको परिमाण ।

| क.सं. | ठेक्का नं. | ठेक्काको नाम | उत्खनन् हुने क्षेत्र/नाका | उत्खनन योग्य परिमाण (घन.फि.) | न्युनतम ठेक्का अंक रु. (मु.अ.कर बाहेक) | वोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | राजश्व १५/०८३/८४ | वुढी खोलाका विभिन्न नाकाहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा/रोडा ग्रावेल,गिटी,वालुवा र भरौट) उत्खनन् संकलन तथा विक्रि शुल्क अशुली ठेक्का | वुढीखोलामा आईईले तोकेका क्षेत्र तथा नाकाहरु | ५२९७२५ | ४२६७४६४.६ | ५,०००.०० | |
| | | | | | | | स्टक प्रमाणित वाहेक |

गछिया खोलाका विभिन्न नाकाहरुबाट उत्खनन् गर्न सकिने नदीजन्य पदार्थको परिमाण ।

| क.सं. | ठेक्का नं. | ठेक्काको नाम | उत्खनन् हुने क्षेत्र/नाका | उत्खनन योग्य परिमाण (घन.फि.) | न्युनतम ठेक्का अंक रु. (मु.अ.कर बाहेक) | वोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २ | राजश्व १६/०८३/८४ | गछिया खोलाका विभिन्न नाकाहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा/रोडा ग्रावेल,गिटी,वालुवा र भरौट) उत्खनन् संकलन तथा विक्रि शुल्क अशुली ठेक्का | गछिया खोलामा आईईले तोकेका क्षेत्र तथा नाकाहरु | २८५३४६०.८२९ | २७५२७२८३.२३ | ७,०००.०० | |
| | | | | | | | स्टक प्रमाणित वाहेक |

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

सुन्दरहरैंचा नगरपालिका नगरकार्यपालिकाको कार्यालय मोरङ, कोशी प्रदेश, नेपाल २०७३

| लोहन्द्रा खोलाका विभिन्न नाकाहरुबाट उत्खनन् गर्न सकिने नदीजन्य पदार्थको परिमाण । | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | ठेक्का नं. | ठेक्काको नाम | उत्खनन् हुने क्षेत्र/नाका | उत्खनन योग्य परिमाण (घन.फि.) | न्युनतम ठेक्का अंक रु. (मु.अ.कर वाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
| ३ | राजश्व १७/०८३/८४ | लोहन्द्रा खोलाका विभिन्न नाकाहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा/रोडा ग्रावेल,गिटी,वालुवा र भरौट) उत्खनन् संकलन तथा विक्रि शुल्क असुली ठेक्का | लोहन्द्रा खोलामा आईईले तोकेका क्षेत्र तथा नाकाहरु | ४२३७८ | २७१२१९.२ | १,०००.०० | |
| स्टक प्रमाणित वाहेक | | | | | | | |

नोटः नदीजन्य/खोलाजन्य पदार्थको दररेट सम्वन्धी व्यवस्था कोशी प्रदेश आर्थिक ऐन, २०८३ को दफा ७ को उपदफा १ तथा सो सँग सम्वन्धीत अनुसूची ६ मा उल्लेख भए बमोजिम निम्नानुसारको हुनेछ ।

| विवरण | ढुङ्गा/ग्रावेल/मिक्स गिटी/ बालुवा | माटो/भरौट | कैफियत |
|---|---|---|---|
| दररेट (घन फिट) | विक्रि दर | विक्रि दर(मु.अ.कर वाहेक) | पदार्थहरुको विवरण स्वीकृत IEE मा छ । |
| | १०।०० | ४।०० | |

शर्तहरुः

१. बोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको आन्तरिक राजश्व खाता नम्बर ०६०१५०११४७६३०१४६ मा जम्मा गरी सोको सक्कलै भौचर वा नगरपालिकाको कार्यालयमा रहेको राजश्व शाखामा जम्मा गरेको सक्कलै भौचर, फर्म वा कम्पनीले फर्म/व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, आन्तरिक राजश्व कार्यालयबाट प्राप्त भ्याट/पान दर्ता प्रमाण पत्रको प्रतिलिपी, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी, स्वयमः घोषणा गरेको पत्रकासाथ कबोल अंकको ५ प्रतिशतमा नघट्ने गरी धरौटी रकम यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको धरौटी खाता नम्बर ०६०१५०११४७६३००३० मा जम्मा गरी सोको सक्कलै भौचर वा सुन्दरहरैचा नगरपालिकाको नाममा जारी गरिएको न्युनतम् १२० कार्यदिन भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैकको वोलपत्र जमानत बिड बन्ड पेश गर्नु पर्नेछ ।

२. बोलपत्र खोल्दा बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदातारु/प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुल्ला भएको दिन १:०० बजे बोलपत्र खोलिने छ।

३. बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको वा सूचना प्रकाशन भएको वा आधिकारीक ईमेल ठेगानामा पत्र पठाईएको १५ (पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र जमानत वापतको धरौटी रकम जफत गरी स्वीकृत भएको बोलपत्रदातालाई कालोसूचिमा राख्ने साथै सुन्दरहरैंचा नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का वन्दोवस्त सम्वन्धी) ऐन,२०८२ बमोजिम कार्वाही समेत गरिनेछ ।

४. बोलपत्र दाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आह्वान गर्ने/नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

**५. बोलपत्र खरिद तथा दाखिला गर्ने कार्यालयः**

(क) जिल्ला प्रसाशन कार्यालय विराटनगर मोरङ ।

(ख) सुन्दरहरैंचा नगरपालिकाको कार्यालय विराटचोक मोरङ ।

**६. बोलपत्र खरिद गर्ने,दखिला गर्ने र खोल्ने मिति र समयः**

**(क) वोलपत्र खरिद गर्ने अन्तिम मितिः** २०८३/०६/१९ गते कार्यालय समय भित्र ।

**(ख) वोलपत्र पेश/दाखिला गर्ने अन्तिम मितिः** २०८३/०६/२० गते दिनको १२.०० बजे भित्र ।

**(ग) बोलपत्र खोल्ने मितिः**२०८३/०६/२० गते दिनको २.०० बजे ।

**(घ) बोलपत्र खोल्ने स्थानः** सुन्दरहरैंचा नगरपालिकाको कार्यालय, विराटचोक मोरङ ।

७. बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम (मु.अ.कर समेत) एकमुष्ट अग्रिम बुझाएमा भ्याट बाहेक कबोल अंकको १० प्रतिशत रकम छुट दिइनेछ । त्यस्तै बोलपत्र दाताले कबोल रकम किस्तामा बुझाउन चाहेमा दुई किस्तामा सम्पूर्ण रकम बुझाउनु पर्नेछ । प्रथम किस्ता सम्झौताको समयमा कबोल अंकको ४० प्रतिशत जम्मा गरेको भौचर पेश गर्नु पर्ने, दोस्रो किस्ता कबोल अंकको ६० प्रतिशत २०८३ माघ मसान्त भित्र बुझाइसक्नु पर्नेछ । दोस्रो किस्ता वापतको जम्मा रकम बराबर हुने गरी २०८३ फाल्गुन मसान्त सम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैकको परफरमेन्स बन्ड ग्यारेन्टी पेश गर्नु पर्नेछ । कबोल कर्ताले यस

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

शर्त बमोजिम तोकिएको अबधि भित्र दोस्रो किस्ता बापतको रकम जम्मा नगरेमा ठेक्का तोडि निज कबोलकर्ताले पेश गरेको परफरमेन्स बन्ड ग्यारेन्टी जनकारी नगराई जफत गरी असुल उपर गरिनेछ ।

८. ठेक्काको अवधि सम्झौता भएको मिति देखि २०८४ जेष्ठ मसान्त सम्मको लागि मात्र हुनेछ । यदि तोकिएको अवधिभन्दा पहिले नै आईई प्रतिवेदनमा तोकिएको परिमाण उत्खन्न भएमा थप उत्खन्न गर्न रोक लगाइनेछ । साथै आर्थिक बर्षमा घटेको महिना र दिनको आधारमा तोकिएको ठेक्का रकममा कुनै असर पर्ने/पार्ने तथा छुट हुने व्यवस्था छैन ।

९. आईई ले तोके बमोजिमको मापदण्डमा उत्खन्न भएको छ छैन, सो को अनुगमन अनुगमन समितिले समेत गर्नेछ । मापदण्ड विपरित उत्खनन् गरेको पाइएमा तत्काल उत्खनन् कार्य बन्द गर्न लगाई नियमानुसार कारबाही गरिनेछ ।

१०. कबोल रकम अंक र अक्षरमा स्पष्ट देखिने गरी उल्लेख गर्नु पर्नेछ । सामान्यतया बोलपत्र फारममा उल्लेखित कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । तर प्रस्तावीत अक्षरमा उल्लेख भएको रकम भन्दा अंकमा प्रस्ताव भएको रकम बढी भएमा सार्वजनिक हितको सिद्धान्तका आधारमा बढी रकम प्रस्ताव भएकोलाई मान्यता दिईनेछ ।

११. बन्द हड्ताल, भुकम्प, बाढी पहिरो जस्ता प्राकृतिक र मानविय विपद्का कारण सृजित समस्याका कारण देखाई ठेकेदार, फर्म र कम्पनीले छुट माग गरेमा कुनै प्रकारका छुट लगायतका अन्य सुविधा दिईनेछैन । साथै ठेकेदारले पनि शुल्क/कर छुट वा मिनाहा माग गर्न पाइनेछैन ।

१२. शुल्क उठाउने रसिदमा ठेक्काको शिर्षक उल्लेख गरी ३/३ प्रति भएको रसिद ठेकेदार आफैले छपाई कार्यालयमा रसिद दाखिला गरेर मात्र कर उठाउन पाइनेछ । त्यस्तो रसिद ठेलीको ८० प्रतिशत ठेली र सोको हिसाब विवरण पेश गरेपछि मात्र नँया रसिद ठेली जारी गरिनेछ । साथै १५-१५ दिनमा अनिवार्य रुपमा जारी भएका रसिदहरुको हिसाब विवरण नगरपालिकामा बुझाउँने दायित्व ठेकेदारको हुनेछ ।

१३. सम्मानीत अदालत, नेपाल सरकार, प्रदेश सरकार, नगरपालिकाको नीति, निर्देशन तथा आदेशको पालना गर्नु/गराउनु ठेकेदार पक्षको कर्तव्य एवम् दायित्व हुनेछ । नीति निर्देशक वा अदालतको आदेश पालनाको कारणबाट कुनै क्षति हानि नोक्सानी हुन गएमा सोको क्षतिपूर्ति दाबी ठेकेदारले नगरपालिका सँग गर्न पाउने छैन ।

१४. नदिजन्य पदार्थको उत्खनन, संकलन र बिक्रीको अनुगमन प्रदेश अनुगमन समिति, जिल्ला अनुगमन समिति तथा जिल्ला समन्वय समिति र नगर स्तरिय अनुगमन तथा अन्य गठित समितिले गर्न सक्नेछ ।

१५. कर, दस्तुर, शुल्कको दर लगायत अन्य शर्तहरु बोलपत्रको शर्त तथा फारममा उल्लेख गरिएको छ । नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वंयमले सम्बन्धित निकायमा बुझाउनुपर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का अंकबाट कट्टा गर्न पाइनेछैन ।

१६. नदी, खोला, बगर एवं सडक तथा सार्वजनिक आवागमनमा बाधा हुने गरी संकलन तथा सामान भण्डारण गर्न पाइनेछैन ।

१७. ठेकेदारले शुल्क संकलन गर्न बस्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र शुल्क संकलन गर्ने कर्मचारीलाई परिचय पत्र लगाएर मात्र संकलन कार्य गराउनुपर्नेछ ।

१८. नदिजन्य पदार्थ उत्खन्न, संकलन तथा बिक्री शुल्क प्रदेश सरकारले तोकेको दर बमोजिम (स्टक प्रमाणित बाहेक) उत्खन्न, संकलन तथा बिक्री गर्नुपर्नेछ । निर्धारित दररेट भन्दा बढी असुली गरेमा नियमानुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ ।

१९. उत्खन्न क्षेत्र, परिमाण, प्रविधि, तरिका र दुरीका सम्बन्धमा आईई प्रतिवेदनमा तोकिए बमोजिमका नाकाहरुबाट तोकिए बमोजिमको परिमाणमा उत्खन्न, संकलन र बिक्री गर्नु पर्नेछ । यसरी उत्खनन् गर्दा श्रममुलक प्रविधिबाट मात्र उत्खनन् गर्नुपर्नेछ ।

२०. नदीजन्य पदार्थ उत्खनन गर्दा खोला नदीहरुमा भएको पुलबाट उत्तर तर्फ पाँचसय मिटर र दक्षिण तर्फ १ किलोमिटरको क्षेत्रमा उत्खनन गर्न पाईने छैन ।

२१. नदिजन्य/खोलाजन्य पदार्थ उत्खन्न र संकलन गर्दा प्राकृतिक धारा, घाट, कुलो, पैनी, बाध, लोकमार्ग र सडक मार्ग एवं सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी तोकिएका स्थान/नाकाहरुबाट मात्र तोकिए बमोजिम संकलन तथा ओसारपसार गर्नु/गराउनु पर्नेछ ।

२२. नगरपालिकाले स्वीकृत गरी अपलोड गरेको Bid Document नै यस प्रयोजनका लागि Standard Bid Document रुपमा मानिनेछ ।

२३. बोलपत्रदाताले नगरपालिकाबाट स्वीकृत गरी पेश गरेको खोलाजन्य पदार्थको उत्खन्न तथा बिक्री सम्बन्धी BoQ अंक र अक्षेरमा भरी सहिछाप गरी पेश गर्नुपर्नेछ । तर बोलपत्र दाताले पेश गरेको / भरेको कुनै कागजात आफ्नो कबोल अंक उल्लेख भएमा/गरेमा त्यस्तो बोलपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तका आधारमा मूल्याङ्कन प्रक्रियामा लैजान बाधा पुग्ने छैन ।

२४. नगरपालिकाले यस प्रक्रियामा भाग लिएका बोलपत्रदाताहरुको तोकिए बमोजिम मूल्याङ्कन गरी सारभुत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने बोलपत्रदातालाई सम्झौताका लागि आह्वान गर्नेछ । तोकिएको समय भित्र उल्लेखित बोलपत्रदाता सम्झौता गर्न नआए नियमानुसार दोस्रो र तेस्रो लगायतका बोलपत्रदातालाई सम्झौताका लागि पत्राचार गरिनेछ । अधिकतम कबोल गर्ने बोलपत्रदाताहरु सम्झौता गर्न नआएमा निजहरुको सम्पूर्ण धरौटी वापतको रकम जफत गरी कालोसूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गरिनेछ ।

२५. सम्झौता पश्चात बोलपत्रदाताले तोकिएको समयभित्र तोकिएको परिमाण उत्खन्न गरी भण्डारण गर्नु परेमा सुन्दरहरैँचा नगरपालिकाको पूर्व स्वीकित लिई तोकिएको स्थान र क्षेत्रमा भण्डारण गर्नु पर्नेछ । नदिजन्य/खोलाजन्य पदार्थ भण्डारण गर्दा ऐलानी पर्ति वा खोलाको बगर क्षेत्रमा भण्डारण गर्न पाईने छैन । स्वीकृति लिई भण्डारण गरिएको नदिजन्य पदार्थहरुको २०८४ असाढ मसान्त भित्र मौज्दात शून्य गरिसक्नु पर्नेछ ।

२६. ठेक्का सम्झौता गर्ने फर्म/कमपनीको धरौटी रकम ठेक्का रकममा मिलान गरिने छैन त्यस्तै ठेक्का अवधि समाप्त भए पछि धरौटी रकम फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयमा कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी संलग्न राखि निवेदन पेश गर्नु पर्नेछ ।

२७. ठेक्का तयारी तथा सो सँग लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफै जिम्मेवार हुनुपर्नेछ ।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

२८.आईई प्रतिवेदनमा उल्लेखि भएको शर्तको अधिनमा रही नदिजन्य पदार्थको उत्खन्न र संकलन गर्नुपर्नेछ साथै यस कार्यालयबाट गरिएको आईई प्रतिवेदन यस बोलपत्रको अभिन्न अंग हुनेछ।

२९.बोलपत्रदाताले आफ्नो खर्चमा उत्खन्न हुन/गर्ने खोलाहरुको नाका भ्रमण निरिक्षण गरि यस प्रकृयामा सहभागी हुनुहुन जानकारी गराईन्छ।

३०.बोलपत्र कागजात वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालायमा निहित हुनेछ।

३१.एउटा फर्म वा कम्पनीले खरिद गरेको बोलपत्र अर्को फर्म वा कम्पनीको नाममा प्रयोग/दाखिला गर्न पाउने छैन।

३२.कर असुलिको दरेट सरोकारवाला सबैले देख्ने गरी राख्नु पर्ने दायित्व ठेकेदार स्वयमको हुनेछ।

३३.बोलत्रदाता तथा नगरपालिकाका बिच कुनै किसिकमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ।

३४.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ।

३५.माथि उल्लेखित शर्तहरुको थप प्रष्टिकरण र ब्यख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ।

३६.यो सूचनाको उल्लेख भएका बिषयहरु यसै सूचना बमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन, कानुन तथा सुन्दरहरैंचा नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ।

३७.सूचना प्रकासन भएको २१ दिनभित्र Egp System संचालनमा आएमा Egp System समेत बाट वढावढ प्रकृयामा सहभागीता गराउने गरि प्रवन्ध गर्न सकिनेछ। यसरी Egp System वा Hard Copy दुवै System वाट वढावढ गराउने प्रवन्ध भएमा Hard Copy को लागि प्रकाशीत सूचनाको अवधी नै दुवै प्रकृयाकालागि मान्य हुनेछ।

३८.यस प्रक्रियामा सहभागी हुने बोलपत्रदाताले सूचनामा उल्लेखित सम्पूर्ण शर्तहरु र Standrad Bid Document लाई स्वीकार गरी समावेश भएको/गरिएको मानिनेछ।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

सुन्दरहरैंचा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मोरङ, कोशी प्रदेश, नेपाल
२०७३

गणेशराज ...
प्रमुख प्रशासकीय अधि...

**ठेक्काको नामः लोहन्द्र खोलाबाट साधारण निर्माणमुखी खोला/नदीजन्य पदार्थ उत्खनन, संकलन तथा विक्रि शुल्क अशुली सम्वन्धी कार्य।**

ठेगानाः सुन्दरहरैंचा नगरपालिका

आ.व. ०८३/८४

ठेक्का संकेत नं. राजश्व १७/०८३/०८४

| क्र.सं. | विवरण | कवोल अंक (मु.अ.क.वाहेक) | | कैफियत |
|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | |
| १.१. | सुन्दरहरैंचा नगरपालिका क्षेत्रभई वहने लोहन्द्रा खोलाको आईईमा तोकिएका नाका तथा क्षेत्रहरुबाट ढुङ्गा/ग्राभेल/वालुवा/भरौट उत्खनन् संकलन तथा विक्री कार्य। | | | |
| | जम्मा | | | |
| | १३% मु.अ.कर | | | |
| | कुल जम्मा कवोल अंक | | | |

कबोलकर्ता व्यक्ति/फर्म/कम्पनीको नामः-

मोवाईल नम्बरः-

ईमेल ठेगानाः-

हस्ताक्षरः-

पेश गर्ने फर्म/कम्पनीको छाप

**ठेक्काको नामः गछियाखोलाबाट साधारण निर्माणमुखी खोला/नदीजन्य पदार्थ उत्खनन, संकलन तथा विक्रि शुल्क असुली सम्वन्धी कार्य ।**

**ठेगानाः सुन्दरहरैंचा नगरपालिका**

**आ.व. ०८३/८४**

**ठेक्का संकेत नं. राजश्व १६/०८३/८४**

| क्र.सं. | विवरण | कवोल अंक (मु.अ.क.वाहेक) | | कैफियत |
|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | |
| १.१. | सुन्दरहरैंचा नगरपालिका क्षेत्रभई वहने गछियाखोलाको आईईमा तोकिएका नाका तथा क्षेत्रहरुबाट ढुङ्गा/ग्राभेल/वालुवा/भरौट उत्खनन् संकलन तथा विक्री कार्य । | | | |
| | जम्मा | | | |
| | १३% मु.अ.कर | | | |
| | कुल जम्मा कवोल अंक | | | |

**कबोलकर्ता व्यक्ति/फर्म/कम्पनीको नामः-**

**मोवाईल नम्बरः-**

**ईमेल ठेगानाः-**

**हस्ताक्षरः-**

पेश गर्ने फर्म/कम्पनीको छाप

**ठेक्काको नामः वुढीखोलाबाट साधारण निर्माणमुखी खोला/नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री शुल्क अशुली सम्वन्धी कार्य।**

**ठेगानाः सुन्दरहरैंचा नगरपालिका**

**आ.व. ०८३/८४**

**ठेक्का संकेत नं. राजश्व १५/०८२/८३**

| क्र.सं. | विवरण | कवोल अंक (मु.अ.क.वाहेक) | | कैफियत |
|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | |
| १.१. | सुन्दरहरैंचा नगरपालिका क्षेत्रभई वहने वुढीखोलाको आईईमा तोकिएका नाका तथा क्षेत्रहरुबाट ढुङ्गा/ग्राभेल/वालुवा/भरौट उत्खनन् संकलन तथा विक्री कार्य। | | | |
| | **जम्मा** | | | |
| | **१३% मु.अ.कर** | | | |
| | **कुल जम्मा कवोल अंक** | | | |

कबोलकर्ता व्यक्ति/फर्म/कम्पनीको नामः-

मोवाईल नम्बरः-

ईमेल ठेगानाः-

हस्ताक्षरः-

पेश गर्ने फर्म/कम्पनीको छाप